पाठ ६०

१. येशूले उहाँका चेलाहरूसँग सोध्नुभएको प्रश्न के थियो ?
- म को हुँ भनी मानिसहरूले भन्छन् ?

२. चेलाहरूको जवाफ के थियो ?
- केही मानिसहरू येशू बप्तिस्मा दिने यूहन्ना हुनुहुन्छ भनी ठान्थे, केही मानिसहरू येशू एलीया हुनुहुन्छ भनी ठान्थे, केही मानिसहरू येशू एकजना अगमवक्ताहरू मध्येका एक हुनुहुन्छ जो जीवित भइ आउनुभएको छ भनी ठान्थे ।

३. के येशू बप्तिस्मा दिने यूहन्ना, एलिया वा अरू कुनै अगमवक्ता हुनुहुन्थ्यो ?
- हुनुहुन्नथ्यो ।

४. येशूले आफ्ना चेलालाई अर्को कुन प्रश्न सोध्नुभयो ?
- तिमीहरू मलाई को हुँ भनी ठान्छौं ?

५. पत्रुसको जवाफ के थियो ?
- तपाईं ख्रीष्ट हुनुहुन्छ ।

६. यदि हामीले येशूलाई उद्धारकर्ता परमेश्वर भनेर स्वीकार गरेनौं भने के हामी बचाइन्छौं ?
- बचाइदनौं ।

७. येशूले अब हुन आउने के कुराको बारेमा आफ्ना चेलाहरूलाई बताउनुभयो ?
- जनताका अगुवाहरूले येशूलाई मार्नेवाला थिए तर उहाँ मृतकहरूबाट तीन दिन पछि बौरी उठ्नुहुनेवाला थियो ।

८. पहाडको टाकुरामा के घटना भयो ?
- येशूको पत्रुस, याकूब र यूहन्नाको अगाडि रूप परिवर्तन भयो ।

९. येशूको रूप परिवर्तन भएको भन्नुको अर्थ के हो ?
- यसको मतलब यही हो कि परमेश्वर जो येशूको हृदयमा हुनुहुन्थ्यो उहाँ प्रकाशित हुनुभयो भन्ने हो ।

१०. एलिया को थिए ?

- एलिया एकजना परमेश्वरका अगमवक्ता थिए जो यस धर्तिमा येशू जन्मिनुभन्दा धेरै पहिले बाँचेका थिए ।
- धेरै वर्ष पहिले यलिया मर्नुभन्दा पहिल्यै तिनलाई परमेश्वरले जीवितै स्वर्ग लानुभयो ।

११. मोसा को थिए ।
- मोसा एकजना अगुवा थिए जसले इज्रेलीहरूलाई मिश्रीहरूबाट छुटाएर ल्याए ।
- धेरै वर्ष पहिले मोसा मरे र परमेश्वरले तिनलाई स्वर्गमा लानुभयो ।

१२. मोसा र एलिया धर्तिमा कसरी देखा परे ।
- पिता परमेश्वरले एलिया र मोसालाई येशूसँग कुरा गर्न धर्तिमा पठाउनुभयो ।

१३.परमेश्वर किन एलिया र मोसाले येशूसँग कुरा गरेको चाहुनहुन्थ्यो ?
- परमेश्वर मोसा र एलियाले येशूलाई उत्साह देऊन् भनी चाहनुहुन्थ्यो किनभने येशूको मर्ने दिन नजिकिँदै थियो ।

- येशूको समयमा धेरै यहूदीहरू भेडा गोठाला थिए ।

- भेडा गोठालाले भेडाको ठूलो बगालको हेरचाह गर्नुपर्थ्यो ।
- किनभने इज्रेलको धेरैजसो जमिन सुखा थियो त्यसैले गोठालाहरूको निम्ति तिनीहरूका भेडाको बगाललाई घाँस जुटाउनु कठिन थियो ।

- त्यसकारण भेडा गोठालाहरू भेडाको बगाललाई पर्याप्त घाँस जुटाउन निकै परपर सम्म जाने गर्थे ।

- किनभने तिनीहरूलाई धेरै टाढाटाढा जानुपर्थ्यो त्यसैले तिनीहरू भेडाको वथानसँगै राती चौरमा सुत्ने गर्थे ।

- किनभने त्यहाँ भेडाचोरको बिगबिगी हुन्थ्यो र जङ्गली जनावरले भेडा खाइदिन्थ्यो त्यसैले गोठालाले राती उसका भेडाको हेरचाह गर्नुपर्थ्यो ।

- गोठालाले राति कसरी उसका भेडाको हेरचाह गर्थ्यो ?

- रात पर्नुभन्दा पहिल्यै गोठालाले गोठको वरिपरि ढुङ्गा वा काँडाको बार लगाउँथ्यो र एकतिर ढोकाजस्तो बनाइराख्थ्यो ।

- जब बार बनाइसक्थ्यो तब ऊ आफ्ना भेडालाई त्यसभित्र बोलाउँथ्यो त्यसोभए भेडा गोठालाहरू कहाँ सुत्थे ?

- खुला आकासमुनि ।

- भेडा गोठालाहरू किन खुला आकासमुनि सुत्थे ?
- बारभित्र रहेका भेडाहरूको सुरक्षाको खातिर ।

- किनभने गोठालाहरू खुला आकासमुनि सुत्थे ऊ नै त्यस बारको ढोकाजस्तो हुन्थ्यो ।

- कुनै चोर वा जङ्गली जनावर भेडा गोठालोसँग जम्काभेट भए बिना बार काटेर भेडाहरूसम्म पुग्न सक्दैनथ्यो ।

- एकदिन येशूले आफ्नो बारेमा सिकाउन एउटा उदाहरण प्रस्तुत गर्नुभयो ।

आउनुस् यूहन्ना १०:७ पद पढौं ।

7 येशूले फेरि भन्नुभयो, "म साँच्चो भन्दछु। म भेंड़ाहरूको लागि ढोका हुँ।

- येशूले म भेडाहरूको ढोका हुँ भन्नुको मलतब के हो ?

- येशूले भन्न खोज्नुभएको यही हो कि उहाँनै त्यस्तो मार्ग हो जसद्वारा मात्रै हामी मृत्युबाट बचाइन्छौं ।

- जसरी भेडा गोठालो उसका भेडाहरूलाई मृत्युबाट बचाउने मार्ग हो त्यसरी नै येशू हामीलाई मृत्युबाट बचाउने मार्ग हुनुहुन्छ ।

- जसरी चोरहरू बारको बाहिरपट्टि भेडा चोर्न पाइन्छ कि भनी ढुकिबस्थे त्यसरी नै शैतान र उसका सहयोगीहरू मानिसहरूलाई चोर्न चाहन्छन् ।

- जसरी जङ्गली जनावरहरू बारको बाहिरपट्टि भेडा खान पाइन्छ कि भनी ढुकिबस्थे त्यसरी नै पाप र मृत्युले मानिसलाई ढुकीबस्छन् ।

- चोर वा शैतानले तपाईंका पुर्खाहरूलाई वर्षौंदेखि चोरिरहेजस्तै ।
- शैतान मानिसलाई उसको जीवन बर्बाद गर्न चोरी गर्छ ।

- जसरी गोठालाले उसका भेडाहरूलाई माया गर्छ त्यसरी नै येशूले पनि भेडाहरूलाई माया गर्नुहुन्छ ।

- येशूका भेडाहरू को हुन् ?

- तिनीहरू जसलाई तिनीहरूको पापले मृत्युलाई डाक्छ भन्ने थाहा छ र तिनीहरूले बचाउनको निम्ति येशूलाई आह्वान गर्छन् ।
- येशू हामीलाई पाप र मृत्युबाट बचाउन चाहनुहुन्छ ।
- येशू हामीलाई शैतान र उसका सहयोगीहरूबाट बचाउन चाहनुहुन्छ ।

- येशूले अरू थप के कुरा भन्नुभयो ?

आउनुस् यूहन्ना १०:८ पद पढौं ।

8 जो मेरो अघि आए, तिनीहरू सबै चोरहरू र डाकूहरू हुन्। भेंडाले तिनीहरूलाई ध्यान दिएनन्।

- येशू जन्मिनुभन्दा पहिले अरू मानिसहरू येहूदीहरू कहाँ आए र भने कि तिनीहरू उद्धारकर्ता थिए ।

- येशूले ती मानिसहरूलाई चोर र लुटेराको संज्ञा दिनुभयो ।

- येशूले अरू के कुरा भन्नुभयो ?

आउनुस् यूहन्ना १०:९ पद पढौं ।

9 म ढोका हुँ। जुन मानिस मद्वारा पस्दछ ऊ जोगिन्छ। त्यो मानिस भित्र आउने र बाहिर जाने योग्य हुँदछ। उसले चाहेको जति सबै कुराहरू पाउनेछ।

- भेडाहरू भित्रपस्नको लागि त्यहाँ केवल एउटै ढोका भएजस्तै येशू मात्रै आत्मिक जीवनभित्र प्रवेश गर्ने एकमात्र ढोका हुनुहुन्छ ।

- केही मानिसहरू परमेश्वरकहाँ जाने धैरै ढोकाहरू छन् भन्छन् ।

- के यो साँचो हो ?

- होइन ।

- यो कुरा झूठो हो ।

- येशूले भन्नुभयो उहाँ मात्रै एउटा ढोका हुनुहुन्थ्यो जसद्वारा हामी बचाइन्छौं ।

- नोआको समयमा परमेश्वरले तिनलाई कतिवटा ढोका डुङ्गामा बनाउन भन्नुभयो ?
- केवल एक ।

- नोआको डुङ्गामा भएको एउटा ढोकाले कसरी हामीलाई येशूको याद दिलाउँछ ।

- जसरी नोआको डुङ्गामा एउटा मात्रै ढोका थियो त्यसरी नै येशू मात्रै आत्मिक जीवनको एक ढोका हुनुहुन्छ ।

- जसरी त्यही एकद्वारबाट भित्र ढुङ्गामा पसेकाहरू मृत्युबाट बचाइए त्यसरी नै येशूमा विश्वास गर्नेहरू मृत्युबाट बचाइनेछन् ।

- येशूले अरू थप के कुरा गर्नुभयो ?

आउनुस् यूहन्ना १०:१० पद पढौं ।

10 एक चोर चोर्न, मार्न र ध्वंस गर्न मात्र आउँदछ। तर म जीवन-दान गर्न आएँ-त्यस्तो जीवन जुन पूर्ण र असल छ।

- येशूले भन्नुभयो चोर त केवल मार्न र चोर्न र खतम मात्रै आउँछ ।

- त्यो कुन चोर हो जो मार्न र चोर्न र खतम पार्न मात्रै आउँछ ।
- शैतान ।

- येशू किन स्वर्गबाट ओर्लिआउनुभएको हो ?
- येशू हामीलाई जीवन दिन आउनुभएको हो र हामीलाई अनन्त जीवन दिन ।

- येशू र शैतान फरक छन् ।

- शैतान चोर्न र मार्न र खतम पार्न आउँछ भेडाहरूलाई ।

- येशू भेडाहरूलाई जीवन दिन आउनुभएको हो ।

- येशूले अरू के भन्नुभयो ?

आउनुस् यूहन्ना १०:११ पद पढौं ।

[1] "म असल गोठालो हुँ। असल गोठालोले भैंड़ाका निम्ति आफ्नो जीवन प्रदान गर्दछ।

- येशूले भन्नुभयो उहाँ असल गोठालो हुनुहुन्छ ।

- येशूले भन्नुभयो कि उहाँ उहाँका भेडाहरूलाई धेरै माया गर्नुहुन्छ, उहाँले आफ्ना भेडाहरूको निम्ति के गर्न सक्छु भन्नुभयो ?

- येशू तिनीहरूका निम्ति मर्ने इच्छा देखाइरहुनुभएको थियो ।

- येशूले भन्नुभयो उहाँ आफ्ना भेडाहरूलाई पाप, मृत्यु र शैतानबाट बचाउन मर्न गइरहनुभएको थियो ।

- येशूले अरू के कुरा भन्नुभयो ?

आउनुस् यूहन्ना १४:६ पद पढौं ।

[6] येशूले भन्नुभयो, "म नै बाटो हुँ, सत्य र जीवन म नै हुँ। पिताकोमा जाने माध्यम हुँ।

- येशूले भन्नुभयो उहाँ नै परमेश्वरकहाँ पुग्ने मार्ग हुनुहुन्छ ।

- यदि तपाईंलाई परमेश्वरकहाँ पुग्ने बाटो कुन हो भनी जान्ने मन छ भने तपाईं येशूकहाँ फर्किनुहुनेछ ।

- येशूले यो पनि भन्नुभयो कि उहाँ जीवन हुनुहुन्छ ।

- यदि तपाईं अनन्त जीवन चाहनुहुन्छ भने तपाईं येशूकहाँ फर्किनुहुनेछ ।

- येशूद्वारा बाहेक कोही पनि पिता परमेश्वरकहाँ जान सक्दैन ।